# १

# पावल

## गैरयहूदीहरूको निम्ति प्रेरित अर्थात् सुसमाचार सुनाउन जिम्मेवारी बोकेको व्यक्ति

यस अध्यायका मूल पदहरू :प्रेरित ६:९-१५ ,९:१-९ ,१ शमूयल १६:७ ,मत्ती ७:१ ,प्रेरित ११:१९-२१ ,१५:१-५।

*यस अध्यायको मूल सार पद :*"जब तिनीहरूले ती वचनहरू सुने ,तब तिनीहरू चुपचाप भए। तिनीहरूले परमेश्वरको प्रशंसा तथा महिमा गरे। तिनीहरूले भने ,"अब हामीले यो बुझ्यौं ,गैर-यहूदी अर्थात् अन्य जातिहरू पनि पापबाट फर्कुन् र अर्थमूलक जीवन व्यतित गरून् भन्ने परमेश्वरको चाहना रहेछ।" प्रेरित ११:१८ रूपान्तरित।

मानवीय स्वभाव तथा धार्मिक दर्शनको आधारमा हेर्ने हो भने तार्ससका सावलले चालेको कदम अस्वाभाविक भन्न मिल्दैन। उनी त्यहि सावल थिए जो येशूलाई ग्रहण गरेपछि नयाँ जीवन पाएर प्रेरित पावलमा न्वारन गरिएर येशू पछिको महान् प्रचारक बने। येशूलाई ग्रहण गर्नुभन्दा पहिले उनी निष्ठावान यहूदी थिए। उनलाई यहूदी धर्मशास्त्रको बारेमा पूरा ज्ञान थियो। जीवनभरि व्यवस्थाको गरिमा उनले सिकेका थिए। यहूदी धार्मिक रितिथिति र संस्कारमा उनी पोख्त अर्थात् ज्ञानमा परिपक्व थिए। इस्रायलीहरूलाई छिट्टै राजनैतिक स्वतन्त्रता दिने प्रावधान पुरानो करारको अधीनमा भएकोले त्यसको प्रतिक्षामा उनी पनि थिए। यहूदीहरू पश्चिमी राष्ट्र रोमीहरूको अन्यायपूर्ण नियन्त्रणमा थिए। त्यस ताका धेरै झुट्टा मसीहहरू तथा राजनैतिक नेताहरूले झुट्टा आश्वासनहरू दिएर मानिसहरूलाई आफ्ना पक्षमा पारेका थिए। त्यसकारण जब येशू आउनुभयो र पावलले सिकेका र अपेक्षा गरे अनुसार उहाँ नभएकोले उहाँलाई अपराधी तथा आतङ्ककारीको पङ्क्तिमा राखेर क्रुसको सजायँ दिनु पावलको निम्ति कुनै नौलो कुरो थिएन। रोमीहरूलाई नधपाई मसीह भनेर दावी गर्ने येशूलाई सुलीमा चढाउनु पावलले उचितै ठानेका थिए। आफू मसीह भनेर दावी गर्ने तर अपराधीहरूमा सबभन्दा ठूलो अपराधी भएर क्रुसमा टाँगिएर मर्ने येशूलाई मान्नु भनेको उनको निम्ति असह्य भएको थियो।

फेरि येशूका चेलाहरू पुरानो करार धर्मशास्त्र अर्थात् तोराहप्रति निष्ठावान नभएको पावलको ठोकुवा थियो। इस्रायलीहरूलाई रोमीहरूबाट स्वतन्त्र गर्ने परमेश्वरको योजनालाई तहसनहस पार्न इसाईहरूले ठूलो भूमिका खेलिरहेका थिए भनेर उनको दावी थियो। त्यहि सन्दर्भमा क्रुसमा टाँगिएको येशू नै मसीह हुनुहुन्छ र उहाँ फेरि आउनुहुन्छ भनेर फैलाएको दावी झुट्टा हुन् भनेर पावलले

ठोकुवा गरेका थिए। त्यसकारण येशूका चेलाहरूले फैलाएका भ्रमात्मक तथा मनगढन्ते तर्कहरूलाई ग्रहण गर्न परम्परावादी पावल राजी हुनसकेका थिएनन्। यहूदी धर्म रक्षा गर्ने नाउँमा र परमेश्वरकै धार्मिक दूत बनेर ती मनगढन्ते समाचार फैलाइ मानिसहरूलाई फसाउने इसाईहरूलाई सखाप पार्न पावलले निर्णय गरे। येशू नै मसीह हुन् भनेर विश्‍वास गर्ने इसाईहरूलाई आतङ्कित बनाउन अग्रज भूमिका खेल्ने पावललाई बाइबलका पानाहरूमा येशूभक्तहरूका ठूलो शत्रुको रूपमा चित्रण गरिएको पाइन्छ।( धर्मको रक्षा गर्ने निहुँमा अतिवादी भएर निरिह तथा सरल इसाईहरूलाई पावलले भयङ्कर यातना दिएका थिए। तिनीहरूलाई झ्यालखानामा राखी यहूदी समाजबाट सदाको निम्ति हटाउन पावलले भरमग्दुर प्रयास गरेका थिए(।

तर सावलप्रति परमेश्वरको योजना अर्कै थियो। त्यो योजना सावलले कहिल्यै पनि सोचेका थिएनन्। यहूदी धार्मिक नेता ,पण्डित र आफ्नो धर्म रक्षा गर्ने खुँखार व्यक्तित्व येशूकै हातमा परेर परिवर्तित हुनेछ भन्ने कुरो सावलले सपनामापनि सोचेका थिएनन्। तर परमेश्वरले सावललाई नै येशू नै मसीह हुन् भनेर प्रचार गर्ने महान् योद्धाको रूपमा चुन्नु भयो। फेरि अचम्मको कुरो त यो छ , त्यो प्रचार यहूदीहरूको माझमा मात्र नगरेर अन्य जाति अर्थात् यहूदीहरूमा म्लेच्छ कहलाइने गैर-यहूदीहरूलाई पनि गर्ने परमेश्वरले योजना बनाउनुभएको थियो ।

## १. इसाईहरूलाई खेदो गर्ने र यातना दिने सावल - प्रेरित ६:९-१५

टार्सस देशको सावलको नाउँ पहिलो पटक प्रेरितको पुस्तकमा देखापर्दछन्। जब चर्चको सामाजिक काममा नियुक्त भएको स्टिफनसलाई मार्न ढुङ्गा हानियो त्यसबेला सावल त्यस रक्तालु कार्यमा संलग्न भएको थियो । प्रेरित ७:५८। यहूदीहरू आफ्नो धर्मलाई त्यागेर इसाई भएको थाहा पाएर यहूदी धर्मको रक्षाको निम्ति सावलले तिनीहरूलाई आतङ्कित बनाएको थियो।प्रेरित ८:१-५। इसाईहरूलाई भएभित पार्ने सावल पछि गएर पत्रुस, स्टिफन, फिलिपले जस्तै प्रेरितको पुस्तकमा महत्त्वपूर्ण भूमिका खेल्दछन्। यहूदी जात र धर्मको दायरा भन्दा बाहिर गएर येशूको मुक्तिको सुसमाचार सुनाउन तिनीहरूले अग्रज भूमिका खेलेका थिए। येशूभक्त स्टिफनको प्रचार र मृत्युले टार्ससका पावललाई अत्यन्त गहिरो प्रभाव पार्दछ।

स्टिफन युनानी अर्थात् ग्रीक भाषा बोल्ने यहूदी थिए। सुरूमा नियुक्त गरिएका चर्चको डिकन अर्थात् आधिकारिक अगुवाहरूमा स्टिफन पनि पहिलो व्यक्ति -*प्रेरित ६:३-६)* थिए। बिदेशी यहूदीहरूको समूह येरुशलेममा बसोबास गर्न आएका थिए भनेर प्रेरितको पुस्तकमा उल्लेख गरिएको छ (प्रेरित

६:९)। येशूको बारेमा प्रचार गरिएकोले तिनीहरूले स्टिफनसँग बादबिवाद गरेका थिए। त्यस बादबिवादमा सावल पनि सामेल भएको हुनसक्दछ।

प्रेरित ६:९-१५ अनुसार स्टिफनलाई कुन अभियोग लगाइएको थियो ? उनमाथि लगाइएको दोषलाई कसको सम्झना गराउँदछ ? -हेर्नुहोस् मत्ती २६:५९-६१ पनि) ८ स्टिफनसले अनुग्रह र शक्तिले पूर्ण भएर मानिसहरूका बीचमा ठूला-ठूला अचम्मका काम र चिन्हहरू गरे। ९ तर कोही-कोहीचाहिँ जो स्वतन्त्र-दलका सभाघरकाहरू -जसको नाम यही थियो), र कुरेनी, अलेक्जेन्ड्रिया, किलिकिया र एशियाका मानिसहरू थिए, तिनीहरूले खड़ा भई स्तिफनससँग वाद-विवाद गर्न लागे। १० तिनी जुन बुद्धिले र आत्माद्वारा बोल्थे, तिनीहरूले त्यसको सामना गर्न सकेनन्। ११ तब तिनीहरूले गुप्तमा मानिसहरूलाई उक्साएर यसो भन्न लाए, "मोशा र परमेश्वरको विरुद्धमा यसले निन्दात्मक कुरा बोलेको हामीले सुन्यौं।" १२ तब तिनीहरूले जनता, धर्म-गुरु र शास्त्रीहरूलाई भड्काए, र तिनीहरूलाई हमला गरे र पक्रेर महासभामा ल्याए। १३ तिनीहरूले यसो भन्ने झूटा साक्षीहरूलाई अगि सारे, "यस मानिसले पवित्रस्थान र व्यवस्थाको विरुद्धमा कुराहरू बोल्न छोड्दैन। १४ किनभने यसले यसो भनेको हामीले सुन्यौं, 'नासरतका येशूले यस ठाउँलाई नाश गर्नेछ, र मोशाले हामीलाई दिएका रीतिथिति पनि बदली गरिदिनेछ'।" १५ महासभामा बसेका ती सबैले तिनलाई नियालेर हेरे, र तिनको मोहड़ा स्वर्गदूतको मोहड़ाजस्तै देखे।" प्रेरित ६:८-१५। "५९ अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मृत्युदण्ड दिनलाई उहाँको विरुद्धमा झूटो गवाही खोज्न लागे। ६० धेरै झूटो गवाही दिनेहरू आए, तर तिनीहरूले कुनै प्रमाण पाएनन्। आखिरमा दुई जना अगि आए, ६१ र भने, "यस मानिसले 'म परमेश्वरको मन्दिर भत्काएर तीन दिनमा यसलाई निर्माण गर्न सक्छु' भन्यो।" (मत्ती २६:५९-६१)

सायद दुई फरक कुराहरूले गर्दा स्टिफनको प्रचारप्रति भिषण आक्रमन भएको हुनुपर्दछ। यहूदी धर्म र राष्ट्रको पहिचान दिने मूल केन्द्रविन्दु मन्दिर र त्यसमा गरिने सम्पूर्ण संस्कार तथा रितिथितिहरूको औचित्य अव समाप्त भयो भनेर उनले तर्क गर्दा उनका सत्रुहरू उनीप्रति अत्यन्त रिसाएर उकुसमुकुस भएका थिए। तर स्टिफनसले यहूदीहरूको मुटु मानिने मन्दिर र राष्ट्रको गरिमालाई वेवास्तामात्र गरेन बरू क्रुसमा टाँगिएको र पुनरुत्थान हुनुभएको येशू नै यहूदी आस्थाको सत्य केन्द्रविन्दु हुन् भनेर जिकिर गरेका थिए।

यसै कारण यहूदी धर्मको पण्डित फारिसी सावल स्टिफनप्रति अत्यन्त क्रुद्ध भएको थियो - फिलिप्पी ३:३-६। प्रारम्भिक इसाईहरूको खिलाफमा उत्रने सावलको चरित्रलाई हेर्दा ऊ यहूदी धर्मको कट्टर तथा अतिवादी क्रान्तिकारी फारिसी पण्डितहरूमध्ये एक थियो भनेर देखाउँदछ। परमेश्वरको राज्यको बारेमा

दिएको बाईबलका महान् भविष्यवाणीहरू अझसम्म पूरा भएको छैन भनेर सावल विश्वस्त थियो - दानियल २, जकरिया ८:२३, यशैया ४०-५५। इस्रायलमा अधर्म तथा झूटा धर्महरूलाई सफा गरेर ती भविष्यवाणीहरूलाई पूरा गराउन परमेश्वरलाई मद्दत गर्ने आफ्नो काम पुण्यको भएको सावलले ठानेको हुनुपर्दछ। येशू नै मसिह हुनुहुन्छ भन्ने अगाडि सारेको तर्क सावलको निम्ति अत्यन्त जघन्य आत्मिक अधर्मको उदाहरण बनेर खडा भएको थियो।

आफूमा भएको धार्मिक विवेक उचित थियो भनेर सावल अत्यन्त आश्वस्त भएको थियो। त्यसकारण त्यस "झुटो "धर्म फैलाउने येशूका अनुयायीहरूलाई मार्नैं पर्छ भनेर सावल अत्यन्त उग्र बनेर तिनीहरूलाई सताएको थियो। निःसन्देह हामीले जे विश्वास गर्छौं त्यसमा रहिरहन अथक प्रयास गर्नुपर्दछ। तर धर्मको नाउँमा अन्याय गर्नुहुन्न भन्ने उचित विवेकमा रहन हामी किन चनाखो हुनुपर्दछ ?हामीले विश्वास गरेके कुरामात्र सत्य छ भन्ने हठमा चल्यौं भने हामी पनि कस्तो गलत बाटोमा हिंड्न अग्रसर हुन सक्नेरहेछौं भनेर पावलको चर्तिकलाले कसरी देखाउँछ?

## २. सावलको आस्थामा आमूल परिवर्तन -प्रेरित ९:५

"र उनले सोधे, "प्रभु, तपाईं को हुनुहुन्छ?" अनि प्रभुले जवाफ दिनुभयो, "म येशू हुँ जसलाई तिमीले सताइरहेकाछौ। चुच्चा परेको लठ्ठहरूमा खुट्टाले हान्नु तिम्रो लागि गाऱ्हो छ -नेपाली बाइबलमा यो वाक्य हटाइएको छ)।" -प्रेरित ९:५ रूपान्तरित)।

सावलले येशूका भक्तहरूलाई आक्रमण गर्ने बानी खास कुनै महत्त्वपूर्ण कामबाट उनले सुरू गरेको थिएन।जब स्टिफनको हत्या भएको थियो, त्यसबेला उसले केवल हत्याराहरूको लुगामात्र बोकेको थियो। तर त्यसको लगत्तै येशूका अनुयायीहरूमाथि चर्को रूपमा सावलले आक्रमण गर्न थाल्यो - प्रेरित ८:१-३ ,९:१,२,१३,१४,२१ र २२:३-५ पढ्नुहोस्। सावल जङ्गली पशु र आफ्ना बिरोधीहरूलाई सत्यानाश गर्ने निष्ठुर सैनिक थियो भनेर उनको जङ्गी स्वभावलाई देखाउन विभिन्न शब्दहरू लुकाले प्रयोग गर्दछन्। ती शब्दहरूले इसाईप्रति अपनाएको उनको अतिवादी आतङ्ककारी चरित्रको चित्रण गर्दछन्। प्रेरित ८:३मा उल्लेख गरिएको शब्द "संहार "अर्थात् "विध्वंस "गर्ने पुरानो करारको ग्रीक अर्थात् युनानीबाट आएको हो -भजन ८०:१३। जंगली वँदेलले अनियन्त्रितरूपमा कसरी ध्वस्त गर्छ त्यसलाई व्याख्या गर्न यो शब्द प्रयोग गरिएको थियो। सावलले इसाईहरूप्रति जुन क्रुसेड अर्थात् ध्वस्त पार्ने उग्र नीति लिएका थिए, त्यो केवल आदी मनले

गरेको थिएन। इसाई आस्थालाई सखाप पार्ने र सदाको निम्ति नामनिशाना नै हटाइ दिने सावलको निर्णायक कदम चानचुने थिएन।

तर जघन्य पशुको स्वभाव लिएर इसाईहरूलाई सखाप पार्ने षडयन्त्र रचेर हिंड्ने सावल के भयो ?उनको आस्थामा नाटकीय ढँगले कसरी आमूल परिवर्तन भयो भनेर देहायका पदहरूले बताउँछन्। त्यसको विवरण देहायका पदहरूमा पढेर पावलको अनुभवमा परमेश्वरको सदाशय र अनुग्रहले कस्तो भूमिका खेलेको थियो भनेर सिक्छौं। नियालेर हेर्दा, स्पष्टरूमा भन्ने हो भने परमेश्वरको सदाशयता र भलाइ पाउन सावललाई कत्तिको सुहाउँछ? पढ्नुहोस्ः प्रेरित ९:१-१९" १ शाऊल प्रभुका चेलाहरूका विरुद्धमा अझ पनि धम्की र हत्याको धुनमा प्रधान पूजाहारीकहाँ गए, २ र तिनले त्यस मार्गका पुरुष होस्वा स्त्री, जसलाई फेला पारे पनि तिनीहरूलाई बाँधेर यरूशलेममा ल्याउन पाऊँ भनी दमस्कसका सभाघरहरूको नाउँमा पुर्जी मागे। ३ जब शाऊल यात्रा गर्दै दमस्कसको नजिक पुगे, अचानक स्वर्गबाट एउटा ज्योति तिनको वरिपरि चम्क्यो। ४ तिनी भूइँमा लोटे, र तिनले यसो भन्ने स्वर सुने, "शाऊल, शाऊल, तिमी किन मलाई सताउँछौं ।" ५ तिनले भने, "प्रभु, तपाईंको हुनुहुन्छ?" अनि उहाँले भन्नुभयो, "म येशू हुँ, जसलाई तिमी सताउँदैछौ। ६ तर उठेर सहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ।" ७ तिनको साथमा जाने मानिसहरूले स्वरचाहिँ सुने, तर कसैलाई नदेख्दा अवाक भई उभिरहे। ८ तब शाऊल भूइँबाट उठे र आँखा खोल्दा तिनले केही पनि देखेनन्, र तिनीहरूले तिनका हात समाती डोऱ्याएर तिनलाई दमस्कसमा ल्याए। ९ अनि तीन दिनसम्म तिनी नदेख्ने भए, र न त खाना खाए न पानी पिए। १० दमस्कसमा हननिया नाउँ भएका एक जना चेला थिए। तिनलाई प्रभुले दर्शनमा भन्नुभयो, "ए हननिया।" तिनले भने, "प्रभु, हाजिर छु।" ११ तब प्रभुले तिनलाई भन्नुभयो, "उठ, र "सीधा" नामक गल्लीमा जाऊ, र त्यहाँ यहूदाको घरमा शाऊल नाउँ भएका टार्सस-निवासीलाई खोज, किनकि तिनी प्रार्थना गरिरहेका छन्। १२ तिनले दर्शनमा हननिया नाउँ भएका एक जना मानिस भित्र आएर तिनले दृष्टि पाऊन्‌भनेर आफूमाथि उनका हात राखेका देखेका छन्।" १३ तर हननियाले भने, "प्रभु, यी मानिसले यरूशलेममा तपाईंका सन्तानहरूलाई कत्ति धेरै खराबी गरेका छन्, सो मैले धेरै जनाबाट सुनेको छु। १४ यहाँ पनि तपाईंको नाउँ लिने सबैलाई बाँध्ने अधिकार मुख्य पूजाहारीहरूबाट तिनले पाएका छन्।" १५ तर प्रभुले तिनलाई भन्नुभयो, "जाऊ, किनकि अन्यजातिहरू, राजाहरू र इस्राएलका सन्तानका सामुन्ने मेरो नाउँ प्रचार गर्न तिनी छानिएका मेरा एक पात्र हुन्, १६ किनकि मेरो नाउँको खातिर तिनले कति कष्ट भोग्नुपर्छ, सो म तिनलाई देखाउनेछु।" १७ तब हननिया गएर त्यस घरभित्र

पसे, र तिनीमाथि आफ्ना हात राखेर भने, "भाई शाऊल, जुन प्रभु येशू तिमी
आइरहेको बाटोमा तिमीकहाँ देखा पर्नुभएको थियो, उहाँले नै तिमीले दृष्टि पाऊ
र तिमी पवित्र आत्माले भरिपूर्ण होऊ भनी मलाई पठाउनुभएको छ।" १८
तुरुन्तै तिनका आँखाबाट पाप्राजस्ता केही खसे, र तिनले फेरि दृष्टि पाए। तब
तिनी उठे र बप्तिस्मा लिए, १९ अनि भोजन खाएर तिनले बल पाए। शाऊल
निकै दिनसम्म दमस्कसमा भएका चेलाहरूसँग रहे।- प्रेरित २२:१-२१ । १
"भाइ हो तथा बाबै हो, तपाईंहरूका सामु मैले आफ्नो पक्षमा भन्नुपर्ने कुरा अब
सुन्नुहोस्।" २ तिनी हिब्रू भाषामा बोलेका सुनेर उनीहरू अझ चूप भए।३
तिनले भने, "म किलिकियाको सहर टार्ससमा जन्मेको एक यहूदी हुँ, तर यस
सहरमा गमलिएलका चरणमा हुर्किएको हुँ। हाम्रा पुर्खाका विधिअनुसार मैले
ठीक-ठीक शिक्षा पाएको हुँ। आज तपाईंहरू परमेश्वरतर्फ जति उत्साही
हुनुहुन्छ, म पनि त्यतिकै उत्साही थिएँ। ४ मैले यस मार्गका मानिसहरूलाई
मृत्युसम्मै सताएँ, अनि पुरुष र स्त्री दुवैलाई बाँध्दै झ्यालखानमा हालिदिएँ। ५
प्रधान पूजाहारी र जम्मै महासभाले पनि मेरो पक्षमा गवाही दिन्छन्।
उहाँहरूकै तर्फबाट भाइहरूका नाउँमा पुर्जी पाएर म त्यहाँ भएका
विश्वासीहरूलाई बाँधेर यरूशलेममा ल्याई सजाय दिलाउन दमस्कसमा गएको
थिएँ। ६ मेरो यात्रामा दमस्कसनेर आइपुग्दा प्रायः मध्यान्ह भएको हुँदो हो,
अचानक स्वर्गबाट एउटा ठूलो ज्योति मेरो वरिपरि चम्क्यो, ७ र म जमिनमा
लोटें, अनि मलाई यसो भनिरहेको एउटा आवाज सुनें, "ए शाऊल, ए शाऊल,
तिमी किन मलाई सताउँदछौ।" ८ अनि मैले सोधें, "हे प्रभु, तपाईं को
हुनुहुन्छ।" अनि उहाँले मलाई भन्नुभयो, "नासरतको येशू मै हुँ, जसलाई तिमी
सताइरहेछौ।" ९ तब मसँग जति जना थिए, तिनीहरूले ज्योति त देखे, तर
मसँग बोल्नेको शब्द भने सुनेनन्।

१० "मैले भने, "हे प्रभु, अब के गरूँ" अनि प्रभुले मलाई भन्नुभयो,
"उठ, दमस्कसमा जाऊ, र तिमीले गर्नुपर्ने तोकेका कामहरू तिमीलाई
बताइनेछन्।" ११ त्यस ज्योतिको तेजले गर्दा जब मैले केही देख्न सकिनँ, तब
मसँग हुनेहरूले हातले समाती डोऱ्याएर मलाई दमस्कसमा ल्याए। १२
हननिया भन्ने एक जना व्यवस्थाअनुसार चल्ने भक्त मानिस जसले त्यहाँ बस्ने
सबै यहूदीहरूबाट आदर पाएका थिए, १३ तिनी मकहाँ आए, र मेरो छेउमा
खड़ा भएर मलाई भने, "भाइ शाऊल, दृष्टि प्राप्त गर्नुहोस्।" र मैले त्यही घड़ी
दृष्टि प्राप्त गरें, र तिनलाई देखें। १४ अनि तिनले भने, "हाम्रा पिता-पुर्खाका
परमेश्वरले उहाँको इच्छा तपाईंले जान्न, र ती धार्मिक पुरुषलाई देख्न, र
उहाँको मुखबाट शब्द सुन्न तपाईंलाई नियुक्त गर्नुभएको छ। १५ किनकि
सबै मानिसहरूका सामु उहाँको निम्ति तपाईंले जे देख्नु र सुन्नुभएको छ, तपाईं

त्यसको साक्षी हुनुहुनेछ। १६ त अब किन पर्खनुहुन्छ, उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस्।" १७ यरूशलेममा फर्केर आएपछि मन्दिरमा प्रार्थना गरिरहँदा म ध्यान-मग्न भएँ। १८ उहाँले मलाई यसो भनिरहनुभएको मैले देखें, "चाँड़ो गरेर यरूशलेमबाट निस्किहाल, किनकि मेरो विषयमा तिमीले दिएको गवाही तिनीहरूले ग्रहण गर्नेछैनन्।" १९ मैले भनें, "हे प्रभु, मैले हरेक सभाघरमा गएर तपाईंमाथि विश्‍वास गर्नेहरूलाई झ्यालखानमा हालेको र कुटपिट गरेको यिनीहरू सबैलाई थाहै छ। २० तपाईंको साक्षी स्तिफनसको रक्तपात हुँदा म आफै पनि नजिकै उभी त्यस हत्यामा सहमत भई, उसलाई मार्नेहरूका वस्त्र कुरेर बसेका थिएँ। २१ तब प्रभुले मलाई भन्नुभयो, "जाऊ, किनकि म तिमीलाई अन्यजातिहरूकहाँ टाढ़ा-टाढ़ासम्म पठाउनेछु।" प्रेरित २६:१-२९। १ राजा अग्रिपासले पावललाई भने, "तिमीलाई आफ्नो पक्षमा बोल्ने अनुमति छ।" तब आफ्नो हात पसारेर पावलले आफ्नो बचाउमा बोल्न लागेः २ "हे राजा अग्रिपास, यहूदीहरूले मलाई लगाएका सबै दोषको विषयमा आज हजूरको सामुन्ने मैले आफ्नो बचाउमा बोल्न पाएकोमा म आफूलाई भाग्यशाली ठान्छु। ३ यहूदीहरूका सबै प्रथा र वाद-विवादका कुरामा हजूर विशेष रूपले परिचित हुनुभएको हुनाले, मेरो बयान धैर्यपूर्वक सुनिदिनुहोस्भनी म बिन्ती गर्दछु। ४ मेरो जातिको बीचमा र यरूशलेममा सुरुदेखि बिताएको मेरो युवावस्थादेखिको मेरो जीवन शैली यहूदीहरूलाई थाहा छ। ५ लामो समयदेखि तिनीहरूलाई थाहा भएकै कुरा हो, कि हाम्रो धर्मको सबैभन्दा कट्टर पन्थी दलअन्तर्गत मैले एक फरिसी भएर मेरो जीवन यापन गरेको छु। तिनीहरूले चाहे भने यस कुराको गवाही दिन सक्नेछन्। ६ परमेश्वरले हाम्रा पुर्खाहरूलाई गर्नुभएको प्रतिज्ञामा मैले आशा राखेको कारणले आज म यस मुद्दामा खड़ा भएको छु। ७ हाम्रा बाह्रै कुलहरूले यो आशा प्राप्त गर्नलाई रातदिन एक चित्तले आराधना गर्दछन्, र यही आशाको निम्ति, हे राजा, यहूदीहरूले मलाई दोष लगाएका छन्। ८ परमेश्वरले मृतकहरूलाई जीवित पार्नुहुन्छ भन्ने कुरा किन तपाईंहरू कसैलाई पत्यार नलागेको ९ नासरतका येशूका नाउँको विरुद्धमा धेरै कारबाई गर्नुपर्छ भन्ने म आफैलाई पनि विश्‍वास थियो। १० मैले यरूशलेममा त्यसै गरें, र मुख्य पूजाहारीहरूबाट अख्तियार पाएर धेरै सन्तहरूलाई मैले झ्यालखानमा हालेको मात्र होइन, तर तिनीहरूलाई मार्दा तिनीहरूकै विरुद्धमा मैले मेरो मत पनि दिएँ। ११ अनि सबै सभाघरहरूमा तिनीहरूलाई बारम्बार सजाय दिईकन तिनीहरूलाई विश्‍वास त्याग गराउने चेष्टा गर्थे। तिनीहरूका विरुद्धमा क्रोधले उन्मत्त भईकन बाहिरका सहरहरूमा पनि मैले तिनीहरूलाई सताएँ। १२ यसरी मुख्य पूजाहारीहरूबाट अख्तियार र आज्ञा पत्र पाएर म दमस्कसतिर

गएँ। १३ हे राजा, मध्यदिनमा मैले स्वर्गबाट सूर्यभन्दा पनि उज्ज्वल ज्योति
देखें, जो म र मसँग यात्रा गर्नेहरूका चारैतिर चम्किरहेको थियो। १४ जब
हामी सबै जमिनमा लोटेका थियौं, तब हिब्रू भाषामा मलाई यसो भनिरहेको
आवाज मैले सुनें, "शाऊल, शाऊल, तिमी किन मलाई सताउँदछौ। सुइरोमा
लात हान्दा तिमीलाई नै दुख्छ।" १५ अनि मैले भनें, "हे प्रभु, तपाईं को
हुनुहुन्छ।" प्रभुले मलाई भन्नुभयो, "म येशू हुँ, जसलाई तिमी सताइरहेछौ।
१६ तर उठ र आफ्ना पाउमा खड़ा होऊ, किनभने ममा तिमीले देखेका र मैले
तिमीलाई देखाउने कुराका निम्ति सेवक र साक्षी नियुक्त गर्ने उद्देश्यले म
तिमीकहाँ देखा परेको छु। १७ म तिमीलाई तिम्रा आफ्नै जाति र
अन्यजातिबाट छुटकारा दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु, १८ ताकि
तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र
शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा
पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि
पाउनेछन्।" १९ "यसकारण, हे राजा अग्रिपास, स्वर्गीय दर्शनप्रति म
अनाज्ञाकारी भइनँ। २० तर पहिले दमस्कसमा, तब यरूशलेममा र सारा
यहूदिया देशभरि रहनेहरूलाई, र अन्यजातिहरूलाई पनि पश्चात्ताप गरेर
परमेश्वरतिर फर्क र आफ्ना पश्चात्ताप योग्यका काम गर भनेर मैले प्रचार
गरें। २१ यसैकारण यहूदीहरूले मलाई मन्दिरमा पक्रेर मार्ने चेष्टा गरे। २२
आजको दिनसम्म परमेश्वरबाट मैले सहायता पाएको छु। यसैले साना ठूला
दुवैलाई गवाही दिंदै म यहाँ खड़ा भएको छु। अगमवक्ताहरूले र मोशाले
बोलेका वचन अवश्य पूरा हुनेछन् भन्ने कुराबाहेक मैले अरू केही भनेको
छैनँ।" २३ उनीहरूले भनेका थिए कि ख्रीष्टले दुःख भोग्नैपर्छ, र मृतकबाट
जीवित हुनुभएको पहिलो भएर उहाँले आफ्ना जाति र अन्यजातिहरूलाई
ज्योतिको घोषणा गर्नुहुनेछ।"

२४ तिनले यी आफ्नो बचाउका कुराहरू बोलिरहेकैमा फेस्तसले ठूलो
स्वरमा भने, "ए पावल, तँ बौलाहा होस्, तेरो धेरै विद्याले तँलाई बौलाहा
तुल्याएको छ।" २५ तर पावलले भने, "अति आदरणीय फेस्तस, म बौलाहा
होइनँ, तर सत्य र सुबुद्धिका कुराहरू बोल्दछु। २६ किनकि राजा स्वयम्ले यी
कुराका विषयमा जान्नुहुन्छ, जसको सामुन्ने म निर्धक्कसँग बोल्दैछु। किनकि
यी कुनै कुरा उहाँबाट छिपेको छैन, किनकि यो कुरा गुपचूपमा गरिएको
होइन। २७ राजा अग्रिपास, के हजूरले अगमवक्ताहरूमाथि विश्वास गर्नुहुन्छ
? म जान्दछु, हजूरले विश्वास गर्नुहुन्छ।" २८ अग्रिपासले पावललाई भने, "के
थोरै समयमा तिमी मलाई ख्रीष्टियान बनाउन चाहन्छौ?" २९ पावलले जवाफ

दिए, "थोरै समयमा होस् कि धेरैमा यी साङ्लाहरू छोड़ेर, हजूर मात्र होइन तर आज मेरो कुरा सुन्ने जति सबै मजस्तै होऊन्भनी म परमेश्वरमा प्रार्थना गर्छु।"

मानिसको दृष्टिकोणले सावलको आमूल धार्मिक परिवर्तन असम्भव देखिन सक्छ। यसले गर्दा जब येशूका चेला तथा धेरैजसो अरू भक्तहरूले उनले येशूलाई ग्रहण गरे भन्ने समाचार सुने उनीहरूले हत्तपत्त विश्वास गर्न सकेका थिएनन्। इसाईहरूलाई त्यस्तो आतङ्कित पार्ने जघन्य व्यक्ति केवल भारी सँजायको भागी हुनुपर्ने हो। तर परमेश्वरको योजना अर्कै थियो। त्यस अतिवादी र जिद्दिवाल यहूदी सावललाई सजायँ दिनुको सट्टा परमेश्वरले आफ्नो अपार अनुग्रह देखाइदिनुभयो। सावलको धर्म परिवर्तन बलजफ्ती उनको आत्मनिर्णयको विरुद्धमा कसैले लादेको थिएन भनेर हामीले बुझ्नु अत्यन्त जरूरी छ। सावल कुनै नास्तिक व्यक्ति थिएन। ऊ धार्मिक प्रवृत्ति भएको यहूदी थियो। तर परमेश्वरको बारेमा उनको अत्यन्त गलत धारणा थियो। येशूले आकाशवाणीबाट सावललाई सम्वोधन गर्नुभयो, "सावल सावल तिमीले मलाई किन यातना दिइरहेका छौ। चुच्चे लट्ठीलाई लातले हिर्काउन सजिलो छैन भन्ने कुरो के तिमीलाई थाहा छैन र ?" प्रेरित २६:१४ रूपान्तरित। येशूलाई विश्वास गर्नुभन्दा अघिदेखि नै परमेश्वरको आत्माले सावलको हृदयमा काम गरिरहेको थियो भन्ने तथ्य ती शब्दहरूले बुझाउँछन्। पौराणिक समयमा गोरूले जोत्ने बेलामा नजोत्न ढिपी गरे त्यसलाई हिर्काउन चुच्चो परेको लट्ठी प्रयोग गरिन्थ्यो। केहि समयदेखि परमेश्वरले सावललाई दिनुभएको चेतावनीलाई उसले वेवास्ता गरिरहेको हुनसक्छ। तर आखिरमा सिरिया देशको दमस्कस राजधानीमा इसाईहरूलाई नाश गर्ने अनुमति पत्र लिएर गएको सावलको सामना जीवित येशूसँग भयो र तब उहाँसँग लड्न सदाको निम्ति त्याग्ने निधो गरेको थियो।

**तपाईंको आफ्नै धार्मिक आस्था परिवर्तनको अनुभवको वारेमा विश्लेषण गर्नुहोस्। हुनसक्छ पावलको जस्तो नाटकीय ढङ्गमा नभएको होला। प्रायजसो हुँदैन पनि। तर कुन तरिकाहरूद्वारा तपाईंले परमेश्वरको अनुग्रह त्यसबेला पाइरहनुभएको थियो? येशूद्वारा हामीले के पाइरहेकाछौं त्यसलाई हामीले किन कहिल्यै पनि विर्सनुहुन्न?**

## ३. सावल दमस्कसमा -१ कोरन्थी ४:५

दमस्कसको बाटोमा येशूसँगको मुठभेट भएको अनुभवमा सावल अन्धो भएको थियो। अनि येशूले नै उसलाई यहूदा नाम भएको आफ्नो भक्तकहाँ जानु भनेर भन्नु भएको थियो। त्यहाँ सावललाई अननियास भन्ने अर्को व्यक्तिको प्रतिक्षामा रहनु भन्नुभएको थियो। त्यस पर्खाइको समयमा सावलले

आत्मआलोचना गर्ने फुर्सद पाएको थियो। आफ्नो शारीरिक आँखाको अन्धोपनका कारण येशूका भक्तहरूलाई खेदो गर्दा आफू कसरी आत्मिक अन्धो भयो भन्ने प्रभावशाली आत्मज्ञान उनलाई भइरहेको थियो।

जब दमस्कसको बाटोमा येशू सावलकहाँ देखापर्नुभयो तब उसको जीवनमा आमूल परिवर्तन भएको थियो। सबै थोक परिवर्तन भयो। यहूदी धर्मको कट्टर संरक्षक भएर धर्मलाई रक्षा गर्नेको नाउँमा जे गरे सो ठिकै गरें भनेर उनले सोचेका थिए अब उनलाई यो महशूस भयो कि उनको यो अभियान भयानक गल्ति थियो। परमेश्वरको निम्ति उहाँको धर्मको रक्षा गर्दै उहाँलाई सघाइरहेको भन्दा त उहाँको खिलाफमा पो उनी गइरहेको उनले थाहा पाए ! आतङ्ककारी, अहंकारी, अतिवादी, जङ्गली जोश तथा मिजासले भरिएको कट्टर फरिसी पण्डित सावल अब दमस्कसको द्वारमा येरुसलेमबाट येशूका अनयायीहरूलाई भस्मासुर गर्न निस्केको सावल भन्दा भिन्नै भएर पसेको थियो। आदरणीय तथा सम्माननीय यहूदी पण्डित -वा स्वामी) भएर त्यस क्षेत्रमा खाइ पिइ रमाइलो गर्नुको सट्टा तिन दिन उनले प्रार्थना गरे र केहि नखाइ उपवास बसे। आफ्नो सबै चर्तिकलालाई खोतल्न त्यसबाट शुद्ध हुन उनलाई तीन दिन लागेको थियो।

जब येशूका भक्तहरूको खुँखार बिरोधी पावलको सामु जानु भनेर अननियासलाई परमेश्वरले निर्देशन दिनुभएको थियो ,उनले के सोचे होलान् ? इसाईहरूलाई तहस नहस पार्ने सावल आफैं इसाई हुन पुग्यो रे? फेरि गैर–यहूदीहरूको बीचमा सुसमाचार फैलाउन सावललाई पावलको नामङ्करण गरि येशूले उनलाई नियुक्त गर्नुभयो रे -प्रेरित २६ः१६–१८। यो त मानिसको दिमागले बुझ्नै नसक्ने गरेर भएको घट्ना थियो। हननिया अकमकमा पर्नु स्वभाविकै थियो। येरुशलेमको चर्चले यो कुरालाई ग्रहण गर्न त अझ झन मुश्किल भएको थियो। सावल, येशूको परमभक्त हुन् भनेर इसाईहरूको दायरामा उनलाई पार्न तिन वर्ष लाग्यो -प्रेरित ९ः२६–३०। यस्तो परिवेशमा दमस्कसका विश्वसीहरूले केहि दिन भित्रै मात्र सावललाई ग्रहण गर्नुपर्दा कस्तो अपठ्यारो भयो होला? फेरि तिनीहरूको मनमा कस्तो अनगिन्ति प्रश्नहरूको ओइरो लागेका होलान् भन्न सकिंदैन। फेरि यो पनि सम्झनुहोस्, हननियालाई टारससको सावलको बारेमा अपेक्षा नै नगरिएको अचम्मको सन्देश परमेश्वरले उनलाई दर्शनद्वारा दिनुभएको थियो। येशूका यहूदी विश्वासीहरूका परमशत्रु अव तिनीहरू मध्ये एक धरोहरको रूपमा खडा हुन पुगेका थिए। हेर्नुहोस् देहायका पदहरूमाः प्रेरित ९ः१०-१४। १० दमस्कसमा हननिया नाउँ भएका एक जना चेला थिए। तिनलाई प्रभुले दर्शनमा भन्नुभयो, “ए हननिया।” तिनले भने, “प्रभु, हाजिर छु।” ११ तब प्रभुले तिनलाई भन्नुभयो, “उठ, र ‘सीधा’

नामक गल्लीमा जाऊ, र त्यहाँ यहूदाको घरमा शाऊल नाउँ भएका टार्सस-निवासीलाई खोज, किनकि तिनी प्रार्थना गरिरहेका छन्। १२ तिनले दर्शनमा हननिया नाउँ भएका एक जना मानिस भित्र आएर तिनले दृष्टि पाऊन्‌भनेर आफूमाथि उनका हात राखेका देखेका छन्।" १३ तर हननियाले भने, "प्रभु, यी मानिसले यरूशलेममा तपाईंका सन्तानहरूलाई कत्ति धेरै खराबी गरेका छन्, सो मैले धेरै जनाबाट सुनेको छु। १४ यहाँ पनि तपाईंको नाउँ लिने सबैलाई बाँध्ने अधिकार मुख्य पूजाहारीहरूबाट तिनले पाएका छन्।", -प्रेरित २६:१२-१८। १२ "यसरी मुख्य पूजाहारीहरूबाट अख्तियार र आज्ञा पत्र पाएर म दमस्कसतिर गएँ। १३ हे राजा, मध्यदिनमा मैले स्वर्गबाट सूर्यभन्दापनि उज्ज्वल ज्योति देखें, जो म र मसँग यात्रा गर्नेहरूका चारैतिर चम्किरहेको थियो। १४ जब हामी सबै जमिनमा लोटेका थियौं, तब हिब्रू भाषामा मलाई यसो भनिरहेको आवाज मैले सुनें, "शाऊल, शाऊल, तिमी किन मलाई सताउँदछौ? सुइरोमा लात हान्दा तिमीलाई नै दुख्छ।" १५ "अनि मैले भनें, 'हे प्रभु, तपाईं को हुनुहुन्छ?' प्रभुले मलाई भन्नुभयो, 'म येशू हुँ, जसलाई तिमी सताइरहेछौ। १६ तर उठ र आफ्ना पाउमा खड़ा होऊ, किनभने ममा तिमीले देखेका र मैले तिमीलाई देखाउने कुराका निम्ति सेवक र साक्षी नियुक्त गर्ने उद्देश्यले म तिमीकहाँ देखा परेको छु। १७ म तिमीलाई तिम्रा आफ्नै जाति र अन्यजातिबाट छुटकारा दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु, १८ कि तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन्‌र ममाथिको विश्‍वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्।' र प्रेरित ९:१७-३०। १७ तब हननिया गएर त्यस घरभित्र पसे, र तिनीमाथि आफ्ना हात राखेर भने, "भाइ शाऊल, जुन प्रभु येशू तिमी आइरहेको बाटोमा तिमीकहाँ देखा पर्नुभएको थियो, उहाँले नै तिमीले दृष्टि पाऊ र तिमी पवित्र आत्माले भरिपूर्ण होऊ भनी मलाई पठाउनुभएको छ।" १८ तुरुन्तै तिनका आँखाबाट पाप्राजस्ता केही खसे, र तिनले फेरि दृष्टि पाए। तब तिनी उठे र बप्तिस्मा लिए, १९ अनि भोजन खाएर तिनले बल पाए। शाऊल निकै दिनसम्म दमस्कसमा भएका चेलाहरूसँग रहे। २० अनि तुरुन्तै तिनले सभाघरहरूमा येशूको घोषणा यसरी गरे, "उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ।" २१ तब सुन्नेहरू जति सबैले अचम्म मानेर भने, "यो नाउँ लिने जतिलाई यरूशलेममा संहार गर्ने र यहाँ पनि तिनीहरूलाई बाँधेर मुख्य पूजाहारीहरूकहाँ लैजाने अभिप्रायले आउने यही होइन र?" २२ तर शाऊल अझ बढ़ी शक्तिशाली हुँदैगए, र येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने प्रमाण दिएर दमस्कसमा रहने यहूदीहरूलाई अकमक्क पारिदिए। २३ अनि धेरै दिन बितेपछि

यहूदीहरूले तिनलाई मार्ने षड्यन्त्र रचे। २४ तर तिनीहरूको षड्यन्त्र शाऊललाई थाहा भयो। उनीहरू तिनलाई मार्न रातदिन सहरका ढोकाहरूमा ढुकेर बस्थे। २५ तर तिनका चेलाहरूले तिनलाई राती नै डालोमा हाली पर्खालबाट ओह्रालिदिए। २६ तिनी यरूशलेममा आएपछि तिनले चेलाहरूसँग मिल्ने प्रयत्न गरे। तर तिनीहरूलाई उनी चेला हुन्भन्ने पत्यार नहुँदा सबै तिनीसँग डराए। २७ तर बारनाबासले तिनलाई साथमा लिएर प्रेरितहरूकहाँ लगे। अनि शाऊलले प्रभुलाई बाटोमा देखेका र प्रभु तिनीसँग बोल्नुभएको र तिनले दमस्कसमा साहससित येशूको नाउँमा प्रचार गरेका कुरा तिनीहरूलाई बताइदिए। २८ शाऊल यरूशलेममा तिनीहरूसँगसँगै खुल्लमखुल्ला हिँड्न थाले, र साहससित प्रभुको नाउँमा प्रचार गर्न लागे, २९ अनि तिनी ग्रीक-यहूदीहरूसँग वाद-विवाद गर्थे, तर उनीहरूले तिनलाई मार्न खोज्थे। ३० तर यो थाहा पाएर भाइहरूले तिनलाई कैसरियामा ल्याए र त्यहाँबाट तिनलाई टार्ससमा पठाइदिए।"

येरुशलेमको धर्मशभाको बडा गुरूज्युको हातले सहि गरेको इसाईहरूको आधिकारिक मृत्युपत्र लिएर सावल दमस्कस जाँदै थिए -प्रेरित २६:१२। तर सावलको निम्ति परमेश्वरको निर्देशन अर्कै थियो। त्यो संसारको कुनै पनि आधिकारी व्यक्तिको भन्दा महान् थियो। येशूको सुसमाचार यहूदीहरूमा मात्र सिमित नराखी अब गैर-यहूदी जगतमा लाने जिम्मा सावललाई दिइएको थियो। शावल येशूलाई विश्वास गर्न पुगे भन्ने खबर अननियास र यहूदी इसाईहरूको निम्ति झन अचाक्लि नै भएको थियो। हननिया अलमलमा पर्नु अस्वाभाविक थिएन। सावलको धर्म परिवर्तनको प्रक्रियामा भन्दा अझ अन्य जातिलाई पनि येशूको समाचार सुनाउने भन्ने समाचारले यहूदी इसाईहरूलाई स्तव्ध पारेको हुनुपर्दछ। यो समाचार तत्कालिन यहूदी इसाईहरूको निम्ति सनसनीपूर्ण र अमान्य थियो भनेपनि हुन्छ।

हननीयालाई शाऊलको बारेमा परमेश्वरले दर्शन दिनुभएको पनि उल्लेखनीय मान्नुपर्छ। हननीयाले अपेक्षा नगरेको दर्शनमा अचम्मको निर्देशन परमेश्वरबाट सुन्नुपर्दा उनी अकमक्क परेका थिए बिशेष गरेर शाऊलको नियतको बारेमा उनलाई थाहा भएको थियो।

**अरू मानिसहरूको आत्मिक अनुभवलाई हामीले कस्तो सतर्कता अपनाएर हेर्नुपर्दो रहेछ भनेर देहायका पदहरूले कसरी देखाउँदछन् हेर्नुहोस्। येशूलाई विश्वास गरेको अरूको अनुभवमा तपाईंको मूल्याङ्कन कस्तो थियो? के तपाईंले पनि त्यसमा गल्ती गर्नुभएको थियो? र ती गल्तीहरूबाट तपाईंले के सिक्नुभएको छ? १ शमूएल १६:७। ७ तर परमप्रभुले शमूएललाई भन्नुभयो,**

"त्यो सुन्दर र अल्गो भए तापनि त्यसको ख्याल नगर्। मैले त्यसलाई इन्कार गरेको छु। परमप्रभुले मानिसले झैं हेर्नुहुन्न। मानिसले रूप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ।" मत्ती ७:१,२ । १ "अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौं। २ किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्दछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ।" र १ कोरन्थी ४:५। यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ।"

## ४. यहूदी जातिहरूको दायराबाट अन्य जाति वा बिदेशीहरूमा सुसमाचार पुग्दछ

यहूदीहरूले अरू जाति वा विदेशीहरूलाई अन्य जाति वा अछुत जाति ठान्दथे। हिन्दु व्यवस्थाका प्रवर्धक मनुद्वारा आफ्नो पुस्तक मनुस्मृत्तिमा त्यस्तो मानिसहरूलाई म्लेच्छ भनेर कहलाइएको थियो। तर मानिसले उत्पादन गरेको जातिप्रथालाई येशूले आफ्नो रगतद्वारा उन्मुलन गर्नुभएको थियो -गलाती ३:२८। गैर-यहूदीले येशूको सुसमाचारलाई ग्रहण गरेर एउटै परमेश्वरको राज्यमा बस्नु भनेको अतिबादी यहूदीहरूको निम्ति असह्य थियो।-अनुवादकको टिप्पणी (तर पहिलो गैर-यहूदी चर्च कहाँ स्थापना भएको थियो? कुन् अवस्थाले गर्दा बिश्वासीहरू बिदेशमा पलायन हुनपुगेका थिए? हेर्नुहोस् :प्रेरित ११:१९-२६ ।१९ स्टिफनसको सम्बन्धमा सुरु भएको सतावटको कारण जतातते छरपष्ट भएकाहरूले अरूलाई होइन, तर यहूदीहरूलाई मात्र वचन प्रचार गर्दै, फोनिके, साइप्रस र एन्टिओखियासम्म यात्रा गरे। २० तर तिनीहरूमध्ये कोही-कोही साइप्रस र कुरेनीका मानिसहरू थिए। तिनीहरूले एन्टिओखियामा आएर ग्रीकहरूलाई पनि प्रभु येशू प्रचार गरे। २१ प्रभुको बाहुली तिनीहरूसँग भएकोले विश्वास गर्नेहरू धेरै संख्यामा प्रभुतिर फर्के। २२ यो समाचार यरूशलेममा भएको मण्डलीको कानमा पुग्यो, र तिनीहरूले बारनाबासलाई एन्टिओखियामा पठाए। २३ तिनी त्यहाँ आएर परमेश्वरको अनुग्रह देखिकन खुशी भए, र तिनीहरू सबैलाई सम्पूर्ण हृदयले प्रभुप्रति विश्वासी रहिरहन प्रोत्साहन दिए। २४ किनभने तिनी असल, पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका मानिस थिए। मानिसहरूको ठूलो समूह प्रभुमा थपियो। २५ तब शाऊललाई खोज्न बारनाबास टार्ससमा गए। २६ जब तिनले उनलाई भेट्टाए तब उनलाई एन्टिओखियामा ल्याए। तब पूरा एक वर्षसम्मै मण्डलीका मानिसहरूसँग तिनीहरूले भेटघाट

**गरिरहे, र मानिसहरूको ठूलो समूहलाई शिक्षा दिए। चेलाहरू पहिलो पटक एन्टिओखियामा नै ख्रीष्टियान वा इसाई भनिए।"**

**स्टिफनको मृत्युपछि इसाईहरूलाई जतातते सतावत आएको थियो। ती आक्रमणलाई सहन नसकी धेरै यहूदी इसाईहरू बिदेशमा भागाभाग भएका थिए। धेरै ती यहूदी इसाई विश्‌वासीहरू तीन सय माइल उत्तरमा रहेको गैर-यहूदी शहर एन्टिओखियामा भाग्न वाध्य भएका थिए। यो रोमी प्रान्त सिरियाको राजधानी थियो। यो प्रख्यात रोम र अलेक्जान्डर पछिको प्रमूख शहर थियो। त्यस समय विश्वका बिभिन्न देशहरूबाट आएका करिब पाँच लाख मानिसहरू एन्टिओओखियामा बसोबास गरेका थिए। त्यसकारण दुवै यहूदी र गैर-यहूदीहरूको संख्या ठूलो भएकोले एन्टिओओखिया सहर चर्च स्थापना गर्न अत्यन्त अनुकूल थलो भएको थियो। विभिन्न देशका विभिन्न जातिहरू मिसिएको सहर एन्टिओओखिया भएकोले त्यहीँ विश्‌वव्यापी रूपमा प्रारम्भिक चर्चको प्रचार गर्ने योजना उचित देखिएको थियो।**

एन्टिओखियामा के भयो जसले गर्दा त्यहाँ बर्णाबास जानुपरेको थियो र उनको कामलाई सघाउन उनले पावललाई आमन्त्रण गरेका थिए? -प्रेरित ११:१९-२६ अनुसार त्यहाँ भएको चर्चको चित्रण कस्तो थियो?

स्‌टिफनसको सम्बन्धमा सुरु भएको सतावटको कारण जतातते छरपष्ट भएकाहरूले अरूलाई होइन, तर यहूदीहरूलाई मात्र वचन प्रचार गर्दै, फोनिके, साइप्रस र एन्टिओखियासम्म यात्रा गरे। २० तर तिनीहरूमध्ये कोही-कोही साइप्रस र कुरेनीका मानिसहरू थिए। तिनीहरूले एन्टिओखियामा आएर ग्रीकहरूलाई पनि प्रभु येशूको बारेमा प्रचार गरे। २१ प्रभुको बाहुली तिनीहरूसँग भएकोले विश्‌वास गर्नेहरू धेरै संख्यामा प्रभुतिर फर्के। २२ यो समाचार यरूशलेममा भएको मण्डलीको कानमा पुग्यो, र तिनीहरूले बारनाबासलाई एन्टिओखियामा पठाए। २३ तिनी त्यहाँ आएर परमेश्वरको अनुग्रह देखिकन खुशी भए, र तिनीहरू सबैलाई सम्पूर्ण हृदयले प्रभुप्रति विश्वासी रहिरहन प्रोत्साहन दिए। २४ किनभने तिनी असल, पवित्र आत्मा र विश्‌वासले भरिपूर्ण भएका मानिस थिए। मानिसहरूको ठूलो समूह प्रभुमा थपियो। २५ तब शाऊललाई खोज्न बारनाबास टार्ससमा गए। २६ जब तिनले उनलाई भेट्टाए तब उनलाई एन्टिओखियामा ल्याए। तब पूरा एक वर्षसम्मै मण्डलीका मानिसहरूसँग तिनीहरूले भेटघाट गरिरहे, र मानिसहरूको ठूलो समूहलाई शिक्षा दिए। चेलाहरू पहिलो पटक एन्टिओखियामा नै ख्रीष्टियान भनिए।"

**पावलको जीवन कहानीको इतिहास बनाउनु त्यस्तो सजिलो छैन। तर उनको धर्म परिवर्तन पछि येरुशलेममा प्रवेश गरेको र एन्टिओखियामा**

बर्णाबासले कामको निम्ति आमन्त्रण गरेको बीचमा कमसेकम पाँच वर्ष भइसकेको देखिन्छ -प्रेरित ९:२६-३०। तर ती पाँच वर्षसम्म पावलले के गरिरहेको थियो? त्यसको जानकारी पाउन मुस्किल छ। तर गलाती १:२१मा उल्लेख गरे अनुसार पावलले सिरिया र सिसिलियामा सुसमाचार प्रचार गरिरहेको हुनुपर्दछ। ती वर्षहरूमा पावलले आफ्नो घर परिवारबाट सतावट सहनु परेको थियो र अन्तमा परिवारका सदस्यहरूको मृत्युपछि उनले पाउने पैसा वा जमिनको अंश खोसेर उनलाई घरबाट निकालीयो भनेर कसै कसैले तर्क गरेको पाउँछौं -फिलिप्पी ३:८को आधारमा। त्यसको फलस्वरुप २ कोरन्थी ११:२३-२८ अनुसार येशूलाई ग्रहण गरेको कारण उनले धेरै सतावटहरू र पिडा पनि भोगिरहेका थिए।

पवित्र आत्माको अगुवाइमा एन्टिओखियाको चर्च द्रुत गतिमा बढिरहेको थियो। प्रेरित १३:१को अनुसार संसारका विभिन्न देशहरूबाट आएका विभिन्न जातजातिका मानिसहरू चर्चमा समावेश भएका थिए। बर्णाबास पश्चिमी मूलुक साइप्रस टापुबाट आएका थिए भने लुसियस साइरन भन्ने देशबाट, पावल सिलिसियाबाट भने सिमोन अफ्रिकाबाट आएको हुनुपर्दछ। त्यस चर्चमा विभिन्न देशबाट आएका गैर-यहूदी वा बिदेशी जाति इसाईहरू थिए। गैर-यहूदी शहर एन्टिओखिया परमेश्वरको सुसमाचार प्रचार गर्न सुरूको प्रमूख केन्द्र भएको थियो। सिरिया र इस्रायली देश भन्दा बाहिर अझ अरू गैर-यहूदी जातिहरूको बीचमा धर्म प्रचार गरोस् भन्ने पवित्र आत्माको चाहना थियो। सिरियाको आन्टिओख शहर सुसमाचार फैलाउने कामको फैलाउने केन्द्रविन्दु बनिने भएको थियो ।

प्रेरित ११:१९-२६ फेरि पढ्नुहोस्। एन्टिओखयाको चर्चमा विभिन्न जात जाति, परम्परा, संस्कार, कला आदिका मानिसहरू समावेश भएका थिए भनेर ती पदहरूले देखाउँछन्। हामीहरूले पनि एन्टिओखियाको चर्चमा भएको जस्तो असल काम चर्चहरूमा गर्न त्यहाँबाट के सिक्न सक्छौं?

## ५. बादविवादहरूको भुमरीमा परेको प्रारम्भिक चर्च -प्रेरित १५:१-५

चर्चमा समावेश भएका पहिला विश्वासीहरूको बीचमा कचकच हुन धेरै समय लागेको थिएन। अरू जाति वा विदेशीहरू पनि चर्चमा सम्मिलित गराएकोमा कतिपय यहूदी धर्मबाट इसाई भएकाहरू खुशी थिएनन्। अन्य जातिहरूलाई पनि सुसमाचार सुनाउनुपर्छ भन्ने कुरामा पहिलेका इसाईहरू सहमत भएका थिए। तर तिनीहरू चर्चमा समावेश हुन के गर्नुपर्छ भन्ने कुरामा ती यहूदी इसाईहरूको बीचमा मतभेद भएको थियो। कतिपय यहूदी-इसाईहरूले मुक्ति पाउन येशूलाई मात्र विश्वास गरे पुग्छ भन्ने कुरामा पत्यार गरेका थिएनन्।

**यदि कोही अन्य जाति सत्य इसाई हुन चाह्यो भने उसले दुई काम गर्नुपर्छ भन्ने कुरामा बादबिबाद भएको थियो। पहिला त अन्य जाति वा गैर-यहूदी पुरूषहरूले पनि खतना गर्नु पर्छ जसको अर्थ केटा मान्छेको लिङ्गको टुपोमा रहेको छाला काट्नु हो। दोस्रोमा मोसाको बिधि बिधानहरू पालन गर्नुपर्छ भन्ने आवाज उठाएका थिए। यहूदी-इसाई र गैर-यहूदीहरूको बीचमा भएको कचकच प्रेरित १०:१ देखि ११:१८मा दिएको ज्वलन्त उदाहरणले देखाउँदछ। पश्चिमी मूलका गोरा जाति कर्णेलियसले खतना गरेको थिएन। तर जब पत्रुसले उसलाई येशूको बारेमा सुनाए र उसले येशूलाई ग्रहण गरे तब पत्रुसले उसलाई बप्तिस्मा दिएका थिए। तर यहूदी इसाईहरू पत्रुसदेखि असंतुष्ट भएका थिए। सुसमाचार सुनेर गैर-यहूदी वा अन्य जाति पनि इसाई भए भन्ने यहूदी-इसाईहरूले थाहा पाएपछि तिनीहरूको मनमा डाहा चलेको थियो। एक दुई जना गोरा तथा अन्य जातिका मानिसहरू इसाई भएकोमा कतिपय यहूदी इसाईहरू रिसाएका थिए। तर मुक्तिको निम्ति केवल येशूमाथिको विश्वासमात्र पर्याप्त छ भन्ने शिक्षालाई अगाडि सारेर पावलले गैर-यहूदीहरूको निम्ति चर्चको ढोका खोलेका थिए। पावलको त्यो उदारबादी अधीनले गर्दा धेरै उग्रपन्थी यहूदी इसाईहरूले पावलको सेवाकार्यलाई अन्त गराउन प्रयास गरेका थिए।**

यहूदाका यहूदी इसाईहरू एन्टिओखियामा आएर गैर-यहूदीहरूको बीचमा पावलले गरेको कामलाई कसरी भत्काउन खोजेका थिए भनेर प्रेरित १५:१-५मा खुलासा गरिएको छ। हेर्नुहोस्ः १ अब कोही मानिसहरूले यहूदियाबाट एन्टिओखियामा आएर भाइहरूलाई यस्तो शिक्षा दिन लागे, "तिमीहरू मोशाको रीतिअनुसार खतना भएनौ भने त तिमीहरूको उद्धार हुन सक्नेछैन।" २ तब पावल र बारनाबासको तिनीहरूसँग धेरै मतभेद र वाद-विवाद भएपछि, त्यहाँका भाइहरूले पावल र बारनाबास र अरू कति जनालाई यस प्रश्नको फैसलाको निम्ति प्रेरितहरू र एल्डरहरूकहाँ यरूशलेम जानलाई नियुक्त गरे। ३ मण्डलीका सदस्यहरूले तिनीहरूलाई त्यहाँबाट बिदा दिए। तिनीहरू फोनिके र सामरियाबाट भएर जाँदा अन्यजातिहरूले प्रभुलाई ग्रहण गरेको कुरा तिनीहरूलाई सविस्तार सुनाए। यस खबरले त्यहाँका भाइहरू अत्यन्तै आनन्दित भए। ४ जब तिनीहरू यरूशलेम आइपुगे, तब तिनीहरूलाई मण्डली, प्रेरित र एल्डरहरूले स्वागत गरे। परमेश्वरले तिनीहरूसँग गर्नुभएका सबै कुराको प्रतिवेदन तिनीहरूले त्यहाँ दिए। ५ तब फरिसी दलका कतिपय विश्वास गर्नेहरूले उभिएर भने, "अन्यजातिहरूको खतना हुनु र तिनीहरूलाई मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक छ।"

**उपरोक्त शिक्षालाई खण्डन गर्न येशूका चेला याकुबको अध्यक्षतामा साधारण शभा यरुशलेममा बसेको थियो। त्यसमा गैर-यहूदीले किन खतना**

गर्नुपर्दैन भन्ने पावलले अघि सारेको तर्कमा सबैको सहमति थियो। प्रेरित १५:६-२१मा भएको बादबिबादको विवरण यस प्रकार छ" ६ यस विषयमा सोच-विचार गर्नलाई प्रेरितहरू र एल्डरहरू भेला भए। ७ निकै बहस चलेपछि पत्रुसले खड़ा भएर तिनीहरूलाई भने, "भाइ हो, तपाईंहरूलाई थाहै छ, सुरुका दिनहरूमा कसरी परमेश्वरले मेरो मुखबाट अन्यजातिहरूले सुसमाचारको वचन सुनून् र विश्वास गरून् भनी तिमीहरूका बीचबाट मलाई चुन्नुभयो। ८ हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गरेको कुरा देखाउनुभयो। ९ उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका हृदय विश्‍वासद्वारा शुद्ध पार्नुभयो। १० यसकारण चेलाहरूका काँधमा यो जुवा राखिदिएर किन परमेश्वरको परीक्षा गर्नुहुन्छ? यो जुवा न त हाम्रा पिता-पुर्खाले न हामीले बोक्न सक्यौं। ११ तर हामी विश्वास गर्दछौं, कि प्रभु येशूको अनुग्रहबाट हामीले उद्धार पाएका छौं, जसरी तिनीहरूले पनि पाएका छन्।" १२ तब सभामा सबै चूप बसे, अनि अन्यजातिहरूका बीचमा परमेश्वरले तिनीहरूद्वारा कस्ता चिन्हहरू र आश्चर्यकर्महरू गर्नुभयो त्यसको बयान बारनाबास र पावलले गरे। उनीहरूले यो बयान सुने। १३ तिनीहरू बोलिसकेपछि याकूबले यसो भने, "भाइ हो, मेरो कुरा सुन्नुहोस्, १४ परमेश्वरले आफ्नै नाउँको निम्ति अन्यजातिहरूबाट एउटा जाति छान्ने कृपा गर्नुभयो भन्ने कुरो सिमोनले बताएका छन्। १५ यसै कुरासँग अगमवक्ताका वचन पनि मिल्छन्, जस्तो लेखिएको छ, १६ "यी कुरापछि म फर्कनेछु र दाऊदको भत्केको वासस्थान फेरि बनाउनेछु, त्यसको भग्नावशेष म फेरि बनाइदिनेछु, र त्यसलाई खड़ा गर्नेछु, १७ र बाँकी मानिसहरूले परमप्रभुलाई खोज्न सकून्, र सबै अन्यजातिहरूले पनि, जुनहरू मेरो नाउँद्वारा बोलाइएका छन्, १८ यो कुरा परमप्रभु भन्नुहुन्छ, जसले प्राचीन कालदेखि यी कुराहरू जनाउनुभएको छ, जो सृष्टिको आरम्भदेखि जानिएका छन्।" १९ "यसकारण मेरो फैसला यो छ, कि परमेश्वरतर्फ फर्कने अन्यजातिहरूलाई हामी दुःख नदिऔं, २० तर तिनीहरूलाई यी कुरा लेखिदिऔं, कि तिनीहरू मूर्तिपूजाको अशुद्धताबाट अलग रहून्, व्यभिचारबाट, घोक्रो अँठ्याएर मारेको पशुको मासु र रगतबाट अलग्ग रहून्। २१ किनभने अघिका पुस्तादेखि नै सहरैपिच्छे मोशाका व्यवस्थाको प्रचार भइरहेको छ, किनकि यो हरेक सभाघरमा हरेक शबाथमा पढिँदै छ।"

तर यरुशलेमको परिषदमा भएको निर्णयको बाबजूद पनि पावलको प्रचार काममा आफ्नै जातका विश्वासीहरूले कडा बिरोध गर्न छोडेका थिएनन्। धेरै यहूदी इसाईहरूले अन्य जातिको बीचमा सुसमाचार नसुनाओस् भनेर पावललाई रोक्न खोजेका थिए। यरुशलेममा भएको शभाको सात वर्ष पछि जब

पावलले येरुशलेममा अन्तिम यात्रा गरेका थिए त्यसबेला पनि धेरै यहूदीहरूले उनको काममा शङ्का र रिस पोखेका थिए। विषेश गरेर अतिवादी यहूदीहरूले पावलप्रति आक्रमक अधीन लिएका थिए। जब पावल मन्दिरमा पस्दै थिए त्यसबेला उनले आफ्नो ज्यान झण्डै गुमाउनु परेको थियो। एशियाका यहूदीहरू जम्मा भएर उनको खिलाफमा यसरी चिच्याउन थाले, "हे इस्रायलका जनहरू हो, हामीलाई सहायता गर्नुहोस्।" यस मानिसले जताततै हाम्रो धर्मको बिरोधमा प्रचार गरिरहेको छ। हाम्रो पवित्र मन्दिर र हाम्रा संस्कार तथा बिधिबिधानहरूको खिलाफमा सबैलाई सिकाइरहेका छन्।" प्रेरित २१:२८ रूपान्तरित

यहूदी र यहूदी विश्वासीहरूको माझमा तपाईं एक छिन उभिनुहोस् जसले पावलको शिक्षाको बिरोध गरेका थिए। हामीले पनि गलत धारणाहरूलाई कुम्ल्याइ राख्दा तिनीहरूले हामीलाई बरालिन उक्साउँछन् भन्ने कुरालाई त्यस घट्नाले के सिकाउँदछ? असलै सोच गरेका छौं वा धर्मको रक्षा गर्ने नाउँमा त्यस्तो भूल नगर्न हामी कसरी जोगिने?

**उपसंहारः**

सामग्री उपलब्ध भएमा एलेन जी ह्वाइटद्वारा लिखित देहायका पुस्तकहरूका भागहरू पढ्नुहोस्: ***टेस्टिमोनिज फर द चर्च,*** ठेली ३को पृ. ४३०-४३४को लेख "इन्डिभिड्युवल इन्डिपेन्डेन्स।" यस अध्यायमा सही इसाई हुनु भनेको के हो त्यस विषयमा व्याख्या गरिएको छ। र ***एस डिए कमेन्टरी,*** ठेली ६, पृ. २२५-२३४। यसमा पावलको सुरूको जीवन र इसाई हुनु भनेको के हो सो व्याख्या गरिएको छ।

"एक समय पावल यहूदी धर्मको कडा संरक्षक र येशूका अनुयायीहरूको संहारकर्ता थिए। पावलमा ठूलो साहस थियो। उनी कहिले पनि पछाडि हटेनन्। उनी तर्कवितर्क गर्न सक्ने कडा व्यक्तित्व भएका व्यक्ति थिए। उनमा भएको बोल्ने कलाको शक्तिशाली बरदानले गर्दा उनको कुरा सुन्ने मानिसहरू आफू मूर्ख भएको महसुस गर्न सक्थे। अब यहूदीहरूले त्यस प्रतिभाशाली युवा उनैले बिद्रोह गरेका जमातसँग मिल्न गएको देखेका थिए। यद्यपि कुनै डर तथा भय नमानी पावलले येशूको बारेमा प्रचार गरेका थिए।

"जब कुनै पनि सेनापति युद्धमा मारिन्छ तब सेनाहरूको निम्ति त्यो ठूलो हार भएको हुन्छ। तर त्यो सेनापति मरेको थाहा पायो भन्दैमा शत्रुहरूले थप शक्ति पाउँदैन। तर कुनै प्रख्यात व्यक्ति बिपक्ष फौजमा सामेल हुन जान्छ भने पहिलेको फौजले उसको सेवालाई गुमाउँदछ र ऊ सामेल भएको फौजले उसको ठूलो फायदा उठाएको हुन्छ। दमस्कसको बाटोमा आफ्ना

**भक्तजनहरूको हत्या गर्न गइरहेको टार्ससको सावललाई परमेश्वरले उत्तिनै खेर बज्र वा चटयाङ्गले हिर्काएर मार्न सक्नुहुन्थ्यो। तर उनी मारीयो भने? इसाईहरूलाई सताउने यहूदीहरूको नैतिक बल डुब्थ्यो होला। तर आफ्नो सदाशयताले गर्दा परमेश्वरले सावलको ज्यान बचाउनुभयो । उहाँले उनलाई परिवर्तन गर्नुभयो। यसरी शत्रुको बिर योद्धालाई येशूको शिविरमा परमेश्वरले सामेल गराउनुभयो। सुरूको चर्चमा कडा उद्देष्यले परिचालित र साहसिलो निडर अगुवाको खाँचो थियो जुन पावलले परिपूर्ति गरेका थिए।"-एलेन जी ह्वाइट ,*द आक्टस् अभ दि आपोस्टलस्* ,पृ. १२४बाट रूपान्तरित।**

**चिन्तन मननः**

क. पावलको सवभन्दा कडा बिरोधीहरू ती यहूदीहरू थिए जसले येशूलाई विश्वास गर्दथे। यसबाट हामीले के पाठ सिक्नसक्दछौं?

**ख. आफूले पाएको धार्मिक ज्ञान तथा शिक्षादीक्षाको निम्ति उभिन तयार त हुने तर त्यसैबखत परमेश्वरको खिलाफमा हामी लडिरहेका छैनौं भनेर हामी कसरी निश्चित हुने?**

**सारांशः**

दमस्कसको बाटोमा जीवित येशूसँग पावलको जम्का भेट भएकै कारणले उनको जीवनमा आमूल परिवर्तन भएको थियो। यसले गर्दा प्रारम्भिक चर्चको इतिहासले पनि फड्को मार्ने अवसर पाएको थियो। विश्वासीहरूलाई आतङ्कित बनाउने सावललाई परमेश्वरले परिवर्तन गरि गैर-यहूदीहरू तथा अन्य जातिहरूको बीचमा सुसमाचार सुनाउने प्रेरित नियुक्त गर्नुभएको थियो। पुरानो करारको रीतिथितिको आधारमा होइन तर केवल येशूमाथिको विश्वासको आधारमा देशीविदेशी ,यहूदी ,गैर-यहूदी सबै जना चर्चमा भित्राउनु पर्छ भनेर पावलले जोडदार प्रचार गरेका थिए। त्यस समय कतिपय विश्वासीहरूलाई पावलको यो प्रचारलाई स्वीकार्नु मुस्किल भएको थियो। परमेश्वरको अगुवाईमा होइन तर आफ्नै तर्कमा ढिप्पी गरेर हिंड्यो भने परमेश्वरको वचन प्रचार गर्ने लक्ष्यलाई कसरी नाश गर्न सक्छ भन्ने ज्वलन्त उदाहरण त्यस समयका केहि यहूदी इसाईहरूको चर्तिकलाले देखाउँदछ।

(यस गलातीको पुस्तकको अध्ययनको क्रममा साबथ स्कुलको चन्दाको उब्रिएको बेसी भाग देहायका आयोजनाहरूमा बाँडिनेछः भारतको (१) इब्राहिमपटनममा खडा गरिने चर्चका सर्वसाधारण सदस्यहरूलाई तालिम दिने केन्द्रमा सभाघर र आवास गृहको स्थापना, (२) सात वर्ष अघि भारत कै दिमापुरमा स्थापना भएको सेभेन्थडे एडभेन्टिस्ट हाईस्कुलमा विद्यार्थीहरूको लागि महिला आवास गृह स्थापना, (३) चेन्नाइमा अवस्थित जेम्स मेमोरियल सेकेन्डरी हाईस्कुलमा विद्यार्थी महिला आवास गृह (४) भेलर्डाको सेभेन्थडे हाईस्कुलमा नयाँ चौध कक्षाहरूको निर्माण र (५) हाथेकाङ्गलको सेभेन्थडे एडभेन्टिस्ट हाई स्कुलको निम्ति नयाँ कक्षा निर्माण।

तपाईंहरूले दिल खोलेर सहयोग गर्नुहुने भएकोमा हार्दिक धन्यवाद!

## गवाही कथाहरूः

## नदीबाट उद्धार

**भाग १**

बेन्जामिन मुर्मु पोलियोका कारण अपाङ्ग भएका थिए, तैपनि लठ्ठीको सहाराले उनी हिँडडुल गर्दथे। भारतको बिहार राज्यमा उनी प्रख्यात व्यक्ति थिए। उनी झाँक्रीको साथै राजनैतिक नेताको रूपमा चिनिन्थे। तर एक दिन परमेश्वरले आफ्नो पहिचान उनलाई देखाउनुभयो।

एक दिन उनी घोडा चढेर नदीको छेउमा आएका थिए। त्यो नदी उनले पार गर्नैपर्दथ्यो। नदी बढेको थियो हेर्दा नै खतरापूर्ण देखिन्थ्यो। बिस्तारै घोडालाई पानीबाट जान कर गर्न थालियो। घोडाले सकेसम्म आफ्नो शीर र सवारीलाई पानीमाथि राख्न खोज्यो तर नदीको प्रवाहले घोडा र त्यसमा सवार भएका बेन्जामिनलाई बगाएर लग्यो।

घोडाले जबरजस्ती पानी मुनि हिँडन खोज्यो तर गहिरो भएकोले थाम्न सकेन। बेन्जामिन पौडि खेल्न जान्दैनथे। उनी घोडाको सहायतालेमात्र बाँच्न सक्ने अवस्थामा पुगेका थिए। उनको मुटुले ढुकढुक गर्न थाल्यो र घोडालाई जबरजस्ती नदीको किनारमा ल्याउन कोसिस गरे। तर नदीको प्रवाह कडा थियो र घोडाले थाम्न सकेन। आखिरमा केही सिप नलागेपछि र आफू मृत्युको मुखमा परेको महसुस गरेपछि प्रथमपल्ट उनी परमेश्वरलाई चिच्याएर पुकार्दछन्ः ×हे परमेश्वर! यदि तपाईं हुनुहुन्छ भने मलाई बचाउनुहोस्! मलाई बचाउनुहोस्!

परमेश्वरसँग पुकार गरेको क्षणभरमा नै उनले दुई जना मानिसहरू नदीको किनारामा देखे। तिनीहरूले केही नभनि घोडा र बेन्जामिनलाई नदीको किनारमा ताने। बेन्जामिन लखतरान भएर सास फेर्न नदीको किनारमा ढले। जब उनलाई उद्धार गर्ने ती दुई जना मानिसहरूलाई कृतज्ञ भएर धन्यवाद दिन खोजे तर ती मानिसहरू गइसकेका थिए। उनले आफ्नो आँखा उठाएर कहिँ पनि रुख नभएको नदीको छेउ छाउ हेरे ती मानिसहरू गायब भइसकेका थिए।

अनि परमेश्वरले उनको पुकार सुन्नुभयो र उहाँ दुई जना स्वर्गदूतहरूले उनलाई उद्धार गरेक उनले बिस्तारै महसुस गरे। त्यही नदीको किनारामा सातोपुत्लो उडेर थरथर कामीरहेका बेन्जामिनले येशूलाई विश्वास गर्न निर्णय गरे।

केही समयपछि सेभेन्थडे एडभेन्टिस्ट प्रचारकले बेन्जामिनको गाउँमा प्रचार सभा राखे। बेन्जामिन पनि त्यस प्रचार सभामा भाग लिन थाले जहाँ परमेश्वरको बारेमा आत्मज्ञान सिक्न थाले। सभाको अन्तमा आफूलाई बप्तिस्मा दिन अनुरोध गरे।

तर ती प्रचारकहरूले गाउँमा येशूको बारेमा प्रचार गर्दा सबै जना खुशी थिएनन्। कतिपय समयमा गाउँलेहरूले त्यो सभा बिथोल्न खोजे तर सफल भएनन्। त्यसबेला कतिपय मानिसहरू येशूलाई ग्रहण गरेको छु भनेर बप्तिस्मा गराउन ती प्रचारकहरूलाई अनुरोध गरे।

जब बप्तिस्माको समय आयो तब तिनीहरूको एक हुल जडयाँहाहरूसँग जम्का भेट भयो। ती जँडयाहाहरूले पास्टरलाई जान दिए तर बप्तिस्मा लिन जाने मानिसहरूलाई रोके। पास्टरहरू त्यस घट्नाबाट चिन्तित भए। तिनीहरूले केही बेर भजन गाए र प्रार्थना गरे। तैपनि ती नयाँ विश्वासीहरू ती जँडयाहाहरूबाट फुत्कन सकेनन्।